## निर्णयहरु:

१. नेपाल सरकार र प्रदेश सरकारबाट स्वीकृत/निर्णय भई जारी नीति निर्णय र परिपत्रहरुका सम्वन्धमा वैठकमा जानकारी गराइयो । कोभिड-१९ को बढ्दो संक्रमण सँगै विदेशमा रहेका नेपाल आउने नागरिकहरुको आदेश सम्बन्धी गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७/०२/१४, च.नं. ३९६१ को पत्र साथ संलग्न आदेश, गण्डकी प्रदेशको उच्चस्तरिय निर्देशन समितिको संलग्न आन्तरिक मामिला तथा कानून मन्त्रालयको मिति २०७७/०२/१६, च.नं. ९३९ को पत्र, एम्बुलेन्स र शवबाहनको व्यवस्था सम्बन्धी कोभिड-१९ संकट व्यवस्थापन केन्द्र छाउनी, काठमाडौंको २०७७/०२/१५ को पत्र, निर्णय कार्यान्वियन सम्वन्धी गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७/०२/१४, च.नं. १९६० को पत्र र जिल्ला CCMC का लागि मख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशको मिति २०७७/०२/१६, च.नं. १६६४ को पत्रमा उल्लेखित सवै विषय वैठकमा प्रस्तुत भई जानकारी गरियो ।

२. स्वेदशका अन्य जिल्ला र विदेशवाट जिल्ला भित्रिने व्यक्तिहरुको आवागमन क्रमशः वृद्धि हुँदै गएकाले कोभिड-१९ को जोखिम पनि बढ्दै जाने हुँदा आउने व्यक्तिहरुलाई एकान्तवासमा राख्न मौजुदा क्वारेन्टाइन अपुग हुन्छन् । यसर्थ सवै पालिकाले आवश्यकता अनुसार थप क्वारेन्टाइन व्यवस्थापन गर्न गराउन अनुरोध गर्ने र CCMC बाट समन्वय, सहजीकरण, अनुगमन र सहयोग गर्ने । जिल्लालाई आवश्यक आइसोलेसन व्यवस्थापन गर्न भीरकोट न.पा. स्थित कालिका सामुदायिक अस्पताल र गल्याङ न.पा. स्थित गल्याङ सामुदायिक अस्पतालमा यथाशिघ्र आइसोलेसन व्यवस्थापन गर्न सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरालाई अनुरोध गरी पठाउने ।

३. जिल्लाका पालिकाहरुको सहयोगमा स्वास्थ्य सामग्री वितरणका लागि भएको खरिदको भुक्तानीका लागि रकम अपुग भई बक्यौता रहेको हुँदा हाल सम्मको खरिद र वितरणको विवरण सबै पालिकालाई जानकारी गराई अपुग रकम थप सहयोगका लागि पुनः अनुरोध गर्ने र संक्रमण वढ्दै गएकाले आवश्यक थप VTM र आवश्यक PPE व्यवस्थापन गर्न पालिकाहरुलाई अनुरोध गरी त्यसका लागि समन्वय र सहजीकरण गर्ने ।

४. यातायात व्यवस्था कम्पनीहरुसँगको समन्वयमा भारतीय सीमाबाट नेपाल भित्रिने जिल्लाका सबै व्यक्तिहरुलाई सिद्धार्थ लोकमार्गमा पर्ने पालिकाका स्थलहरुसम्म पुऱ्याउन आवश्यक व्यवस्था गर्ने । उक्त कार्यको खर्चमा जिल्लाका सबै पालिकाहरुले साझेदारी गर्न अनुरोध गर्ने ।